## सिम्ता राजपत्र

# सिम्ता गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ६ संख्या:४/७ मिति:२०७९।११।१६

भाग:२

**सिम्ता गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७९

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सिम्ता गाउँपालिकाले स्थानीय सिम्ता स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७९ जारी गरेको छ ।

**सिम्ता गाँउपालिका**

**स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७९**

गाँउपालिकाबाट स्वीकृत मितिः २०७९/११/१६

प्रमाणीकरण मितिः २०७९/११/१६

प्रस्तावनाः

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिका तथा नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले,पहिलो पटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न बान्छनीय भएकोले सिम्ता गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ अनुसार गाँउ कार्यपालिकाको मिति २०७४।१०।१५ मा बसेको बैठकले स्वीकृत गरेको यो कार्यविधि कार्यपालिकाको मिति २०७९/११/ गते बसेको बैठकले संसोधन गरी लागू गरेकोछ।

**भाग- १**

**प्रारम्भिक**

१. कार्यविधिको नामः यो कार्यविधिको नाम स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ रहेकोछ।

२. कार्यविधि लागू हुनेः यो कार्यविधि सिम्ता गाँउ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ।

**भाग-२**

**स्थानीय राजपत्रको भाग र ढाँचा**

३. स्थानीय राजपत्रको भागहरुः स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची - १ बमोजिमका भागहरुमा वर्गीकरण गरिएकोछ।

४. स्थानीय राजपत्रको ढाँचाः स्थानीय राजपत्रको ढाँचा अनुसूची - २ मा उल्लेख भए बमोजिम हुनेछ।

५. खण्डको व्यवस्थाः स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २), कायम गरी त्यसपछि क्रमशः जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ।

६. स्थानीय राजपत्रको संख्याः (१) स्थानीय राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को वर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ।

७. स्थानीय राजपत्रमा प्रकाशन गर्ने सामग्रीः स्थानीय राजपत्र प्रकाशन गर्दा बिषय वस्तुसँग सम्बन्धित भागको उल्लेखगरी (जस्तै ऐन भए भाग (१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ।

८. स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीः स्थानीय राजपत्र सिम्ता गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ। यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा "आज्ञाले" भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ।

## भाग-३

## स्थानीय राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

९. स्थानीय राजपत्र प्रकाशनको जिम्मेवारीः (१) कार्यपालिकाले कुनै शाखा वा एकाईलाई स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाईबाट मात्र स्थानीय राजपत्र प्रकाशन गरिनेछ।

१०. प्रकाशनपूर्व सम्पादन गर्नुपर्नेः(१) प्रकाशन हुने सामग्री गाँउ कार्यपालिकाको कानून सम्बन्धी विषय हेर्ने शाखा वा एकाईबाट सम्पादन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा वा एकाईमा पठाईनेछ।

११. स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनः (१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गर्नेछ।

१२. निःशुल्क रुपमा उपलब्ध गराउनु पर्नेः गाँउपालिकाले स्थानीय राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराउनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) गाँउपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित स्थानीय विभाग वा महाशाखा वा शाखा, र

(ङ) गाँउपालिकाका प्रत्येक वडा कार्यालय।

१३. वेभसाइटबाट सार्वजनिक गर्नुपर्नेः– गाँउपालिकाबाट प्रकाशित स्थानीय राजपत्रलाई गाँउपालिकाको वेभसाइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ।

१४. बिक्री वितरणको व्यवस्था तथा बिक्री मूल्यः (१) प्रकाशित स्थानीय राजपत्र गाँउपालिकाका वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाई मार्फत बिक्री वितरणको व्यवस्था मिलाइनेछ।

(२) स्थानीय राजपत्रको देहाय बमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छः

(क) बार्षिक सदस्य बनाई बिक्री गर्दाः– वडा कार्यालय वा सिम्ता गाँउपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा बार्षिक रु. ५९०।– ( पाँच सय नब्बेमात्र)

(ख) खुद्रा बिक्री गर्दाः स्थानीय राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले स्थानीय राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छः

- १ देखि ८ पेज सम्म एक प्रतिको रु.५ मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु.१० मात्र
- २५ देखि ४० पेज सम्म एक प्रतिको रु.१५ मात्र
- ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु.२० मात्र
- ५७ देखि ७२ सम्म एक प्रतिको रु.२५ मात्र
- ७३ देखि ९६ सम्म एक प्रतिको रु.५० मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज २८ पैसाका दरले थप शुल्क लिइनेछ

द्रष्टब्यः माथि उल्लेखित दर कायम गर्दा नेपाल राजपत्रको प्रचलित बिक्री दरलाई आधार लिइएको छ । गाँउ सभाले उल्लेखित दरमा औचित्य र आवश्यकताका आधारमा परिमार्जन गर्न सक्नेछ।

१५. बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्नेः– स्थानीय राजपत्र बिक्री बापत प्राप्त राजश्व गाँउपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

१६. कार्यविधिको व्याख्याः– यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाँउ कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१७. खारेजी तथा बचाऊः– (१) सिम्ता गाँउपालिका स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ खारेज गरिएको छ ।

(२) सिम्ता गाँउपालिका स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ बमोजिम गाँउपालिकाले पारित गरी लागू गरेका कानून, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

अनुसूची ( १

(दफा ३ सँग सम्बन्धित)

स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

भाग - १

यस भागमा गाँउ सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

भाग - २

यस भागमा गाँउ कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि,मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

अनुसूची - २

(दफा ४ तथा अनसूची–१ को भाग–१ सँग सम्बन्धित)

सिम्ता गाँउपालिका

स्थानीय राजपत्र

खण्डः... संख्याः...मितिः ..../../..

भाग-१

सिम्ता गाँउपालिका

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत

अनुसूची ३

(दफा ४ तथा अनसूची (१ को भाग (२) सँग सम्बन्धित)

सिम्ता गाँउपालिका

स्थानीय राजपत्र

खण्डः... संख्याः... मितिः ..../../..

भाग-२

सिम्ता गाँउपालिका

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अन्य स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत

प्रमाणीकरण

गाँउपालिका अध्यक्ष

प्रमाणीकरण मितिः २०७९ फाल्गुन गते बार

आज्ञाले,

ओम प्रकाश देबकोटा

प्रमुख प्रशासकिय अधिकृत